## सर्वेक्षणका उदेश्यहरु

- जापानमा बसोवास गर्ने बिदेशी नागरिकको अवस्था तथा उनीहरुको पेशागत, दैनिक र सामाजिक जीवनयापनमा सामना गर्ने समस्याहरुलाई सहि रुपमा बुझेर बिदेशी नागरिकको सह-अस्तित्व नीतिको योजना र मस्यौदामा योगदान पुर्याउने उदेश्यले सर्वेक्षण गरिएको |
- आर्थिक वर्ष 2021 लाई निरन्तरता दिंदै तेश्रो पटकको सर्वेक्षण
- अझै अर्थपूर्ण सर्वेक्षण हुने गरी "आर्थिक वर्ष 2022 मा जापानमा बस्ने बिदेशी नागरिकमा गरिएको आधारभूत सर्वेक्षण सम्बन्धि विशेषज्ञहरुको वैठक" आयोजना गरेर सवेक्षण गर्ने शिर्षक निर्धारण या सर्वेक्षण परिणामहरु समेट्ने आदि बारे बिदेशी नागरिकको सह-अस्तित्व नीतिसंग परिचित बिशेषज्ञहरुको बिशेषज्ञता, उच्च अन्तरदृष्टि, फराकिलो दृष्टिकोणलाई समावेश गरिएको छ |

⇨ सवेक्षण परिणामलाई आधार मानेर बिदेशी नागरिक सम्बन्धि सह-अस्तित्व नीतिको योजना बनाउने, मस्यौदा बनाउने, कार्यान्वयन गर्ने गरेर **"बिदेशी नागरिकको सह-अस्तित्व रहेको समाज हासिल गर्ने लक्षित रोड-म्याप"** एवम् **"बिदेशी मानव संसाधन भित्र्याएर / सह-अस्तित्व कायम गर्ने बृहत उपायहरु"** लगाई समस्त प्रशासनले बिदेशी नागरिकसंगको सह-अस्तित्व अनुभूति गराउंदै लैजाने |


## सर्वेक्षणको रुपरेखा

| | |
|---|---|
| सर्वेक्षणको दायरा | ■ १८ बर्ष वा सो भन्दा बढि उमेरका मध्यम तथा दिर्घकलिन बसोवासी एवम् स्पेसल पर्मानेन्ट रेसिडेन्टहरु गरी जम्मा 40,000 जना<br>* सन् 2022 डिसेम्बर 1 तारिख सम्ममा पछिल्लो जापान अवतरण अनुमति पाएको मितिदेखि 1 बर्ष वा सोभन्दा बढि समय बिताइसकेका मानिसहरुमा सिमित<br>* जापानमा बसोबास गर्ने विदेशी नागरिकको तथ्याङ्क (सन् 2022 जुन मसान्त) को आधारमा निर्धारण गरिएको राष्ट्रियता र क्षेत्र तथा बसोवासको स्थितिमा आधारित नामुनाहरुको आधारमा उत्तरदाताहरु नछानीकन चयन गरिएको |
| बैध उत्तर संख्या आदि | ■ वितरित संख्या: 40,000 (जसमध्ये आइनपुगेको संख्या: 1,447) ■ बैध उत्तर संख्या: 5,016 / उत्तर दर 13.0% |
| सर्वेक्षण बिधि | ■ वेब सर्वेक्षण (लक्षित व्यक्तिलाई QR कोड सहितको सहयोग अनुरोध पत्र हुलाकबाट पठाई, सम्बन्धित कोड प्रयोग गरेर इन्टरनेटमा प्रश्नावलीको उत्तर दिन लगाइने ढांचा)<br>■ उत्तर दिने स्क्रिन 8 वटा भाषाहरु (फुरिगाना सहितको जापानी भाषा, अंग्रेजी भाषा, चिनियाँ भाषा, कोरियन भाषा, पोर्चुगिज भाषा, भियतनामी भाषा, फिलिपिनी भाषा, नेपाली भाषा) उपलब्ध छ | |
| सर्वेक्षण शिर्षक | ■ जापानमा बसोवास गर्ने बिदेशी नागरिकको पेसागत जीवन, दैनिक जीवन तथा सामाजिक जीवनमा सामना गर्नु पर्ने निम्न शिर्षक सम्बन्धि प्रश्नहरुको सर्वेक्षण जापानी भाषा अध्ययन, जीवन यापनको अभिमुखीकरण, जानकारी/परामर्श सेवा लिने, चिकित्सा, विपद/आकस्मिक अवस्थामा सेवा लिने, बच्चा हुर्काउने/शिक्षा, काम, सामाजिक सहभागिता, मानव अधिकार (भेदभाव), सामाजिक बिमा आदि<br>■ पुनश्च, जापानमा बसोवास गर्ने बिदेशी नागरिकको एक्लोपनको बास्तविक अवस्था बुझ्ने उदेश्यले "सन् 2022 को मानिसहरुको सम्बन्ध सम्बन्धि आधारभूत सर्वेक्षण (मन्त्रीपरिषद सचिवालय)" (सर्वेक्षण लक्षित: जापानभरिका 16 बर्ष वा सो भन्दा बढि उमेरका व्यक्तिहरु: 20,000 जना) संग एउटै प्रश्नहरू गरिएको थियो | |
| सर्वेक्षण अवधि | ■ सन् 2023 फेब्रुअरी 1 तारिखदेखि फेब्रुअरी 14 तारिखसम्म |
| विचार गर्नु पर्ने बुंदाहरु | ■ यस सर्वेक्षणको परिणाम प्रश्नावलीबाट प्राप्त उत्तरलाई जस्ताको तस्तै संकलन/पोष्ट गरिएको हो र केहि परिणामहरुमा उत्तरको संख्या सिमित रहेको कारणले त्यसलाई बुझ्न विचार गर्न आवश्यक हुन्छ |<br>■ अंकहरु पूर्ण अंकमा प्रस्तुत गरी, % थपेर 100.0% नपुगेमा तथा ग्राफमा संख्याको जम्मा र लिड वाक्य नमिल्न सक्ने छ | |


# आर्थिक बर्ष 2022: जापानमा बसोवास गर्ने विदेशी नागरिकमा गरिएको आधारभूत सर्वेक्षण - मुख्य परिणाम (1) (उत्तरदाताको बिशेषता) -

- उत्तरकर्ताको राष्ट्रियता/क्षेत्र, "चीन" (31.4%), "भियतनाम" (14.7%), "कोरिया" (11.0%) को क्रममा धेरै छ।
- उत्तरकर्ताको भिसा, "पर्मानेन्ट रेसिडेन्ट" (30.4%), "इन्जिनियर/मानविकी/अन्तरराष्ट्रिय सेवा" (14.4%), "बिद्यार्थी" (10.7%) को क्रममा धेरै छ।
- उत्तरकर्ताको उमेर "30～39 बर्ष" (32.7%), "20～29 बर्ष" (29.4%), "40～49 बर्ष" (19.0%) को क्रममा धेरै छ।
- जापानको बसाई जम्मा "3 बर्ष माथी 10 बर्ष कम" (45.8%), "10 वर्ष माथी 20 बर्ष मुनि" (22.8%), "20 बर्ष माथी 30 बर्ष मुनि" (13.1%) को क्रममा धेरै छ।


## राष्ट्रियता/क्षेत्र





## उमेर





## भिसा




## जापानमा बसोवास गरेको बर्ष





## लिङ्ग




# आर्थिक बर्ष 2022: जापानमा बसोवास गर्ने विदेशी नागरिकमा गरिएको आधारभूत सर्वेक्षण - मुख्य परिणाम (2) (जीवन यापनको बातावरणमा सन्तुष्टिको स्तर) -

- जापानको जीवन यापनमा सन्तुष्ट व्यक्ति ("सन्तुष्ट छु" + "कुन चाहिँ भन्दा सन्तुष्ट छु") भन्ने 86.4% (सन् 2021 को सर्वेक्षण संग तुलना गर्दा 1.4 पोइन्टको केहि कम )
- सन्तुष्ट हुनुको कारण "आवासको बातावरण (सरसफाई आदि) राम्रो हुनाले" (36.5%) , "जापानी समाजको संस्कृति तथा चालचलन मिल्ने हुनाले" (18.4%) , "सार्वजनिक सुरक्षा राम्रो हुनाले" (13.8%) को क्रममा धैरै छ |
- सन्तुष्ट नहुनुको कारण "तलब सस्तो हुनाले" (24.7%) , "मूल्यहरू महँगो हुनाले" (19.5%) , "बिदेशीको लागि भेदभाव हुने हुनाले" (18.1%) को क्रममा धैरै छ |


## समग्र जीवनयापनको बातावरणको सन्तुष्टि दर




## सन्तुष्ट हुनुको कारण




## सन्तुष्ट नहुने कारण




# आर्थिक बर्ष 2022: जापानमा बसोवास गर्ने विदेशी नागरिकमा गरिएको आधारभूत सर्वेक्षण - मुख्य परिणाम (3) (जापानी भाषा अध्ययन) -

ISA


- जापानी भाषा अध्ययन सम्बन्धि अप्ठ्याराहरु आर्थिक बर्ष 2021 को जस्तै "जापानी भाषा कक्षा/भाषा बिद्यालय आदिको प्रयोग/अध्ययन शुल्क महँगो" (21.1%) भन्ने सबैभन्दा बढि छ।
- जापानी भाषा अध्ययन नगर्ने कारणमा "जापानी भाषा सक्ने हुनाले सिक्नु आवश्यक नभएकोले" भन्ने सबैभन्दा बढि (37.5%), त्यसपछि "उपयुक्त समयमा प्रयोग गर्न सकिने जापानी भाषा कक्षा/भाषा बिद्यालय नभएकोले" (11.0%) भन्ने बढि छ।
- जापानी भाषा अध्ययन नगर्नुको कारण उमेर समूह अनुसार हेर्ने हो भने, उमेर समूह कम हुँदै जाँदा "जापानी भाषा सक्ने हुनाले सिक्नु आवश्यक नभएकोले" भन्ने बढि छ। साथै, 30 बर्ष, 40 बर्ष उमेर समुहले अन्य उमेर समुहको तुलनामा "उपयुक्त समयमा प्रयोग गर्न सकिने जापानी भाषा कक्षा/भाषा बिद्यालय नभएकोले" भन्ने उत्तर दिएका ब्क्तिहरुको हिस्सा उच्च छ।
- शनिबार, आइतबार, बिदाको दिन तथा राती आदि काम तथा बिद्यालय नभएको समयमा जापानी भाषा अध्ययन गर्न चाहने व्यक्तिहरुको हिस्सा उच्च छ।

## जापानी भाषा अध्ययन सम्बन्धि अप्ठ्याराहरु




* आ.ब. 2022 को सर्वेक्षणमा हाल जापानी भाषा अध्ययन गरिरहेको मात्रलाई सहभागी गराइएको छ। (आ.ब. 2021 को सर्वेक्षणमा सबैलाई सहभागी गराइएको छ)

## जापानी भाषा अध्ययन नगर्नुको कारण




## अध्ययन नगर्नुको कारण/उमेर समूह अनुसार (अंश/अन्य बाहेक)

| | 20 बर्ष उमेर समूह | 30 बर्ष उमेर समूह | 40 बर्ष उमेर समूह |
|---|---|---|---|
| पहिलो | जापानी भाषा सक्ने हुनाले आवश्यक छैन (40.0%) > | जापानी भाषा सक्ने हुनाले आवश्यक छैन (37.5%) > | जापानी भाषा सक्ने हुनाले आवश्यक छैन (35.7%) |
| दोश्रो | उपयुक्त समयमा प्रयोग गर्न सकिने जापानी भाषा कक्षा/भाषा बिद्यालय आदि छैन (9.3%) | उपयुक्त समयमा प्रयोग गर्न सकिने जापानी भाषा कक्षा/भाषा बिद्यालय आदि छैन (12.6%) | उपयुक्त समयमा प्रयोग गर्न सकिने जापानी भाषा कक्षा/भाषा बिद्यालय आदि छैन (12.3%) |
| तेश्रो | नि:शुल्क जापानी भाषा कक्षा नजिकमा छैन (9.0%) | नि:शुल्क जापानी भाषा कक्षा नजिकमा छैन (9.8%) | नि:शुल्क जापानी भाषा कक्षा नजिकमा छैन/जापानी भाषा नसके पनि जीवन यापनमा अप्ठ्यारो छैन (8.7%) |


## जापानी भाषा कक्षा/भाषा बिद्यालय आदि प्रयोग गर्न चाहने समय

| | दिउँसो (9：00～18：00) | राती (18：00～21：00) | जम्मा |
|---|---|---|---|
| अफिसको दिन | 11.3% | 29.4% | 40.7% |
| शनि/आइत/बिदाको दिन | 30.7% | 37.9% | **68.6%** |
| जम्मा | 42.0% | **67.3%** | |

# आर्थिक बर्ष 2022: जापानमा बसोवास गर्ने विदेशी नागरिकमा गरिएको आधारभूत सर्वेक्षण - मुख्य परिणाम (4) (जीवन यापन अभिमुखीकरण) -


- जीवन यापन अभिमुखीकरण लिएको छैन भनेर जवाफ दिने 40.5%
- जीवन यापन अभिमुखीकरणको भिडियो हेर्न चाहने मध्ये आधा भन्दा बढि （55.5%）ले आफ्नो अनुकुलको समयमा वेब मार्फत नि:शुल्क हेर्न चाहेको जवाफ दिएका छन्
- जीवन यापन अभिमुखीकरण लिएको व्यक्तिले जापानको जीवन यापनमा काम लागेको कुरा "फोहोर फाल्ने" （76.0%）, "आवासीय दर्ता" （53.4%）, "प्रकोप रोकथाम" （50.7%）को क्रममा धेरै छ |
- जीवन यापन अभिमुखीकरण नलिएको व्यक्तिले लिएको भए काम लाग्ने रैछ भनेर जवाफ दिएकाहरु मध्ये "पेन्सन/सामाजिक सुरक्षा" （51.3%）, "कर" （48.9%）, "स्वास्थ्य/कल्याण" （39.8%）को क्रममा धेरै भई, तलबबाट घटाइने बुँदाको बारेमा थाहा पाउन चाहने व्यक्ति धेरै छन् |

## कक्षा लिएको इतिहास भए वा नभएको





* आर्थिक बर्ष 2022 को सर्वेक्षणमा "स्पेसल पर्मानेन्ट रेसिडेन्ट" बाहेक सहभागी गरिएको छ |
(आर्थिक बर्ष 2021 को सर्वेक्षणमा सबैलाई सहभागी गरिएको छ | )


## जीवन यापन अभिमुखीकरणको भिडियो हेर्न चाहने खण्डमा




## जापानको जीवन यापनमा काम लागेको जानकारी





## लिएको भए काम लाग्ने जानकारी




- सार्वजनिक संस्थाले प्रवाह गर्ने जानकारी प्राप्त गर्ने बेलामा गत एक बर्षमा देखिएका अप्ठ्यारा कुराहरुमा "खासै अप्ठ्यारो भएन" (41.8%) भन्ने सबैभन्दा बढि छ। अप्ठ्यारो भयो भन्ने मध्येमा "बहुभाषामा जानकारी प्रवाह कम भयो" (20.4%) भन्ने सबैभन्दा बढि, "सजिलो जापानी भाषामा जानकारी प्रवाह कम भयो" (13.0%) भन्ने तेश्रो नम्बरमा धैरे आदि, भाषा सम्बन्धि अप्ठ्यारो बढि देखियो।
- मातृभाषा बाहेकमा जानकारी चाहने भाषा मध्ये "जापानी भाषा" आधा भन्दा बढि (52.7%) भई सबैभन्दा बढि छ। त्यसपछि "अंग्रेजी" (37.6%), "सजीलो जापानी भाषा" (34.2%) को क्रममा छ।
- सार्वजनिक संस्थाले प्रवाह गर्ने जानकारीको प्राप्तिमा अप्ठ्यारो छैन भन्ने व्यक्तिमा राष्ट्रियताको आधारमा "थाइल्याण्ड" (16.1%), भिसाको आधारमा "निर्दिष्ट सिप" (28.9%) भई सबैभन्दा कम छ।
- जापानी भाषा क्षमताको आधारमा हेर्ने हो भने, लगातार जापानी भाषा क्षमता जति कम भयो सार्वजनिक संस्थाले प्रवाह गर्ने जानकारी प्राप्त गर्न अप्ठ्यारो नभएको व्यक्तिको हिस्सा कम रहेको छ।

## सार्वजनिक संस्थाले प्रसारण गर्ने जानकारी प्राप्त गर्दाका अप्ठ्याराहरु




* आर्थिक बर्ष 2022 को सर्वेक्षण गत एक बर्षमा अप्ठ्यारो परेको कुरामा लक्षित। आर्थिक बर्ष 2020 र 2021 को सर्वेक्षणमा अवधि तोकिएको छैन।
* आर्थिक बर्ष 2020 को सर्वेक्षणमा तथ्यांक नभएको बुंदाहरु आर्थिक बर्ष 2021 पछि नयाँ थप गरिएको बुंदाहरु हुन्।

## मातृभाषा बाहेकमा जानकारी चाहने भाषा (माथिल्लो 5 वटा)




## सार्बजनिक संस्थाले प्रवाह गर्ने जानकारी प्राप्तिमा अप्ठ्यारो नपरेका व्यक्तिको हिस्सा

| राष्ट्रियता/क्षेत्रगत आधारमा (तल्लो 3 वटा) | |
|---|---|
| थाइल्यान्ड (n=87) | 16.1% |
| संयुक्त राज्य अमेरिका (n=136) | 27.2% |
| नेपाल (n=146) | 28.8% |

| भिसाको आधरमा (तल्लो 3 वटा) | |
|---|---|
| निर्दिष्ट सिप (n=211) | 28.9% |
| फ्यामिली स्टे (n=347) | 33.7% |
| बिद्यार्थी (n=539) | 34.1% |


| जापानी भाषा क्षमता (कुराकानी) को आधारमा | |
|---|---|
| बिल्कुल सक्दैन (n=80) | 25.0% |
| परिचित र आधारभूत जानकारीको आदान प्रदान गर्न सक्छ (n=537) | 31.5% |
| धाराप्रवाह प्राकृतिक रुपमा कुराकानी गर्न सक्छ (n=1,017) | 49.1% |

| जापानी भाषा क्षमता (पढ्ने) को आधारमा | |
|---|---|
| बिल्कुल बुझ्दैन(n=349) | 30.4% |
| परिचित बिषयको सजीलो र छोटो वाक्य पढ्न सक्छ (n=1,002) | 32.0% |
| निश्चित अवधारणामा आधारित पत्रिका पढ्न सक्छ (n=905) | 49.5% |

# आर्थिक बर्ष 2022: जापानमा बसोवास गर्ने विदेशी नागरिकमा गरिएको आधारभूत सर्वेक्षण - मुख्य परिणाम (6) (परामर्श सेवा) -


- अप्ठ्यारो परेको बेलामा परामर्श गर्ने व्यक्ति "परिवार, आफन्त" (28.7%), "जापानी साथी/परिचित व्यक्ति" (24.4%), "आफ्नो देश/बिदेशी साथी/परिचित व्यक्ति" (20.1%) को क्रममा धेरै छ।
- सार्वजनिक संस्थामा परामर्श गर्दा अप्ठ्यारो परेको कुरा मध्ये "परामर्श गर्नको लागि काम तथा स्कुल आदिमा बिदा नलिई भएन" (22.4%) भन्ने सबैभन्दा बढि छ। त्यसपछि "भाषा अनुवादकको व्यवस्था थिएन वा कम थियो" (11.9%), "विदेशीले पनि बुझ्ने गरी सजीलो संग ब्याख्या नगरी, ब्याख्या गरेको बिषय बुझिएन" (8.4%) जस्ता बिदेशी सम्बन्धि समस्या दोश्रो र तेश्रो स्थानमा रहेको छ।
- सार्वजनिक संस्थामा परामर्श नगर्ने कारणमा "परामर्श गर्न सकिने शाखा तथा काउन्टर कहाँ छ थाहा नभएकोले" (38.5%) भन्ने सबैभन्दा बढि छ।

## अप्ठ्यारो परेको बेलामा परामर्श गर्ने स्थान (जम्मा)





* अप्ठ्यारो परेको बेलामा सबै भन्दा पहिले परामर्श गर्ने व्यक्ति, 2 नं. मा परामर्श गर्ने व्यक्ति, 3 नं. मा परामर्श गर्ने व्यक्तिको बारेमा दिएको जवाफको जम्मा

## अप्ठ्यारो परेको बेलाको परामर्श गर्ने व्यक्ति (क्रमश)





## सार्वजनिक संस्थामा परामर्श गर्न खोज्दा परेको अप्ठ्यारो




*** गत एक बर्षमा खासै अप्ठ्यारो परेको छैन भनेर जवाफ दिनेको हिस्सा 52.1%**

## सार्वजनिक संस्थामा परामर्श नगर्ने कारण




■ अस्पतालमा चेकजाँच/उपचार गर्न खोज्दाको अप्ठयारो कुरा "अस्पतालमा लक्षणहरु सहि तरिकाले बुझाउन सकिएन" (15.6%) भन्ने सबैभन्दा बढि छ | त्यसपछि "आफ्नो लक्षणसंग मेल खाने चेकजाँच तथा उपचार गर्न सकिने अस्पताल कहाँ छ थाहा भएन" (14.8%), "भाषा बुझ्ने अस्पताल कहाँ छ थाहा भएन" (12.9%) भन्ने 10% भन्दा बढि जवाफ आएको बुंदा हो |
■ प्रकोपको समयमा अप्ठ्यारो परेको कुरा मध्ये "विश्वासिलो जानकारी कहाँबाट लिएमा हुने हो थाहा भएन" (7.7%) भन्ने सबैभन्दा बढि छ | उच्च 5 स्थानको बुंदामा फरक परेपनि आ.ब. 2021 को सर्वेक्षण भन्दा फरक छैन |
■ नयाँ कोरोना भाइरस संक्रमणबाट अप्ठ्यारोमा परेको मानिसहरुको हिस्सा आ.ब. 2021 को सर्वेक्षण भन्दा कम छ | अप्ठ्यारो परेको बिषयगत रुपमा हेर्दा पनि जानकारी प्राप्तिको "अन्य" बाहेक सबै बुंदा घटेको छ |

## गत एक बर्षमा अस्पतालमा चेकजाँच/उपचार गराउन खोज्दा अप्ठ्यारो परेको कुरा (उच्च 5 बुंदाहरु) (n=5,016)

| | | |
|---|---|---|
| पहिलो | अस्पतालमा लक्षणहरु सहि तरिकाले बुझाउन सकिएन | 15.6% |
| दोश्रो | आफ्नो लक्षणसंग मेल खाने चेकजाँच तथा उपचार गर्न सकिने अस्पताल कहाँ छ थाहा भएन | 14.8% |
| तेश्रो | भाषा बुझ्ने अस्पताल कहाँ छ थाहा भएन | 12.9% |
| चौथो | अस्पतालको दर्ता शाखामा राम्रोसंग कुरा गर्न सकिएन | 9.0% |
| पांचौ | आफ्नो देशको तुलनामा स्वास्थ्य उपचार खर्च महँगो लाग्यो | 8.5% |
| | गत एक बर्षमा खासै अप्ठ्यारो परेको छैन | 56.8% |

## गत एक बर्षमा अस्पतालमा चेकजाँच/उपचार गर्दा भाषाको समस्या हुंदा गरेको उपाय





## गत एक बर्षमा प्रकोपमा अप्ठ्यारो परेको कुरा (उच्च 5 बुंदाहरु) (n=5,016)

| | | |
|---|---|---|
| पहिलो | विश्वासिलो जानकारी कहाँबाट लिएमा हुने हो थाहा भएन | 7.7% (12.2%) |
| दोश्रो | प्रकोप पछिको सहयोग नीति भएपनि प्रयोग बिधि/निवेदनको तरिका थाहा भएन | 6.7% (9.1%) |
| तेश्रो | सेल्टरको स्थान थाहा भएन | 6.6% (10.5%) |
| चौथो | चेतावनी/सचेतनाको सूचना आदि सेल्टर सम्बन्धि जानकारी बहुभाषामा प्रवाह नगरेकोले थाहा भएन | 6.2% (10.3%) |
| पांचौ | सेल्टर भनेको कस्तो स्थान हो थाहा भएन | 5.2% (8.1%) |
| | खासै अप्ठ्यारो परेको छैन | 73.7% (63.7%) |

* कोष्ठ भित्रको आ.ब. 2021 को सर्वेक्षण (n=7,982)

## नयाँ कोरोना भाईरस संक्रमणको कारण अप्ठ्यारो परेको कुरा (जानकारी प्राप्ति)



- गर्भधारण/प्रसुतीको बारेमा अप्ठ्यारो परेको कुरामा "गर्भधारण/प्रसुतीमा लाग्ने खर्च महँगो" (13.3%) भन्ने सबैभन्दा बढि, "बिद्यालय या कामको निरन्तरता दिन सकिन्छ वा सकिंदैन भन्ने चिन्ता" (7.2%), "गर्भधारण/प्रसुती बारेको अन्यौलताको बारेमा परामर्श गर्न सकिने व्यक्तिको कमी" (6.9%) को क्रममा रहेको छ |
- 6 बर्षदेखी 15 बर्षसम्मको बालबालिकाहरुको बिद्यालय भर्नाको अवस्थाको बारेमा हेर्दा बिद्यालय भर्ना नभएकाहरुको हिस्सा 2.6% छ | आ.ब. 2021 को सर्वेक्षणको सरह छ |
- बालबालिका हुर्काउन अप्ठ्यारो कुराको बारेमा हेर्दा उच्च 5 स्थानका बुंदाहरुको क्रममा फरक भएपनि आ.ब. 2021 को सर्बेक्षणमा फरक छैन |

## गर्भधारण/प्रसुतीमा अप्ठ्यारो परेको कुरा (उच्च 5 बुंदाहरु) (n=2,594)


| | | |
|---|---|---|
| पहिलो | गर्भधारण/प्रसुतीमा लाग्ने खर्च महँगो | 13.3% |
| दोश्रो | बिद्यालय या कामलाई निरन्तरता दिन सकिन्छ वा सकिंदैन भन्ने चिन्ता | 7.2% |
| तेश्रो | गर्भधारण/प्रसुती बारेको अन्यौलताको बारेमा परामर्श गर्न सकिने व्यक्तिको कमी | 6.9% |
| चौथो | बच्चा जन्माउनको लागि अस्पताल जाँदा भाषा बुझ्दैन | 5.5% |
| पांचौ | भिसा के हुने हो भन्ने चिन्ता | 4.9% |
| | खासै अप्ठ्यारो परेको छैन | 68.8% |

## बालबालिका हुर्काउनमा अप्ठ्यारो कुरा (उच्च 5 बुंदाहरु) (n=930)

| | | |
|---|---|---|
| पहिलो | बालबालिकाले मातृभाषा/संस्कृति राम्रोसंग बुझेको छैन | 19.9% (22.1%) |
| दोश्रो | बालबालिका हुर्काउने खर्च महँगो छ | 16.7% (18.8%) |
| तेश्रो | बालबालिकाले जापानी भाषा पर्याप्त बुझ्दैन | 13.0% (13.3%) |
| चौथो | बालगृह, किन्डरगार्डेनका शिक्षकसंग राम्रोसंग कम्युनिकेशन गर्न सकिंदैन | 12.5% (13.5%) |
| पांचौ | शिक्षा तथा बालबालिका हुर्काउने बारेको चिन्ताको बारेमा परामर्श गर्ने ठाउँ तथा व्यक्तिमा कमी | 10.6% (13.3%) |
| | खासै अप्ठ्यारो परेको छैन | 36.1% (38.4%) |


* कोष्ठ भित्रको आ.ब. 2021 को सर्वेक्षण (n=1,367)

## बालबालिकाहरुको पढाईको अवस्था (6 बर्ष ～15 बर्ष)





* "जापानको किन्डरगार्डेनमा जान्छ" र "बिदेशी बिद्यालय (जातीय बिद्यालय) मा जान्छ" भन्ने बुंदा आ.ब. 2022 को सर्वेक्षणमा नयाँथप गरिएको

## बालबालिकाको बिद्यालय रोज्नुको कारण




- कामका अप्ठ्याराहरुमा "तलब कम छ" (35.7%), "नियुक्ति, खटाइने काम, पदोन्नती, जस्ता पक्षमा जापानी नागरिकको तुलनामा प्रतिकुल व्यवहार गरिन्छ" (10.4%), "काम गर्ने समय लामो" (9.8%) को क्रममा बढि छ। "तलब कम छ" भन्ने आर्थिक बर्ष 2020 को सर्वेक्षणदेखि 3 बर्ष लगातार बढि छ।
- रोजगारीको स्थान नपाउने कारणमा "अपेक्षा गरेको काम पाउंदैन" भन्ने आधा भन्दा बढि (55.5%) छ। त्यसपछि "आफ्नो जापानी भाषा क्षमता पर्याप्त छैन" (26.0%) भन्ने बढि छ।


## कामका अप्ठ्याराहरु




## काम नगर्नुको कारण





## काम गर्ने स्थान नपाउनुको कारण




- सामाजिक सहभागिताको गतिविधिमा सहभागी हुन चाहने व्यक्तिको हिस्सा 35.0% छ। सहभागी हुने चाहना छैन भन्नेहरुको हिस्सा 24.2% छ।
- गतिबिधिको बिषयको आधारमा हेर्दा स्वयंसेवक गतिविधिमा सहभागी हुन चाहने व्यक्तिहरु सबैभन्दा धेरै (70.9%), "टोल सुधार समिति/स्थानीय समितिमा सहभागी" (35.2%) र "सरकारी निकायको गतिविधिमा सहयोग" (34.4%) मा पनि चासो बढि छ।
- सामाजिक सहभागिता सम्बन्धि अप्ठ्यारो कुरामा "कसरि गतिबिधि गरिरहेको छ भन्ने थाहा छैन" (49.6%) सबैभन्दा बढि छ।


## सामाजिक सहभागितामा सहभागी हुने इच्छा




## सहभागी हुन चाहने गतिबिधि




## सामाजिक सहभागिता सम्बन्धि अप्ठ्यारो कुरा





## सह-अस्तित्व समाज प्राप्ति तर्फ चेतना जगाउनको लागि प्रभावकारी उपाय (उच्च 5 बुंदाहरु) (n=5,016)


| | | |
|---|---|---|
| पहिलो | हरेक देशको संस्कृतिको अनुभव गर्ने कार्यक्रम (खानको संस्कृति आदि) | 44.7% |
| दोश्रो | जापानी संस्कृति अनुभव गर्ने कार्यक्रम | 37.0% |
| तेश्रो | बिदेशी संगको सह-अस्तित्व समाजको प्राप्ति शिर्षकमा कार्यक्रम | 31.8% |
| चौथो | बिदेशी भित्र्याउने बातावारणको तयारी सम्बन्धि उपायहरु बुझ्न सजिलो हुने गरी परिचय गराउने कार्यक्रम | 28.2% |
| पांचौ | मानव अधिकारको सम्मान सम्बन्धि चेतना जगाउने कार्यक्रम | 28.1% |

- भेदभाव भोगेको स्थानको बारेमा आर्थिक बर्ष 2021 को सर्बेक्षणकै निरन्तरता "घर खोज्ने बेलामा" (23.8%) भन्ने सबैभन्दा बढि छ | त्यसपछि "काम गर्ने बेलामा" (17.8%), "काम खोज्ने बेलामा" (16.3%) भन्ने छ |
- भेदभाव गर्ने व्यक्ति चाहिँ "कार्यस्थल सम्बन्धित व्यक्ति" (35.3%) सबैभन्दा बढि भई, त्यसपछि "रियल स्टेट सम्बन्धित व्यक्ति" (31.3%), "पसलको व्यक्ति" (27.6%) को क्रममा धैरै छ |
- घृणाका शब्दहरु भोगेको व्यक्तिको हिस्सा 15.0% छ | भोगेको स्थान चाहिँ "अन्य" (52.1%) बाहेक "इन्टरनेट" (34.4%), "बजार बिज्ञापनका गतिविधिहरु" (23.7%), "जुलुस प्रदर्शन" (23.0%) को क्रममा बढि छ |


## भेदभाव भोगेको अवस्था





## भेदभाव गर्ने व्यक्ति




## घृणाको शब्दहरु भोगेको अनुभव




## घृणाको शब्दहरु भोगेको स्थान



- नर्सिङ्ग केयर बिमा प्रणाली संग सम्बन्धित अप्ठ्यारो कुरामा आर्थिक बर्ष 2021 कै निरन्तरता "प्रणालीको बिस्तृत बिवरण राम्रोसंग बुझ्दैन" (44.3%) भन्ने सबैभन्दा बढि हिस्सा ओगट्छ।
- एक्लोपना महसुस हुने "अक्सर/सधैँ हुन्छ" भन्ने जवाफ दिएको व्यक्ति 7.5% भई आर्थिक बर्ष 2021 को सर्वेक्षणबाट 0.8 पोइन्ट वृद्धि भएको छ। "कहिले कहिं हुन्छ" भनेर जवाफ दिएका व्यक्ति 17.6% भई यो पनि आर्थिक बर्ष 2021 को सर्वेक्षणबाट 2.7 पोइन्ट वृद्धि भएको छ। "अक्सर/सधैँ हुन्छ" "कहिले कहिं हुन्छ" भनेर जवाफ दिएका व्यक्तिको हिस्सा "आर्थिक बर्ष 2022 को मानिसहरुको सम्बन्धको बारेमा आधारभूत सर्वेक्षण" (मन्त्री परिषद सचिवालय) (सर्वेक्षण लक्षित: देशभरिको 16 बर्ष माथीको व्यक्ति: 2 0 हजार जना) संग तुलना गर्दा जुन बुंदा पनि उच्च रहेको छ।


## नर्सिङ्ग केयर बिमा प्रणाली संग सम्बन्धि जानकारी लिने स्थान (उच्च 5 बुंदाहरु) (n=1,850)

| | | |
|---|---|---|
| पहिलो | परिवार/आफन्त | 30.8% |
| दोश्रो | जापानी भाषाको टेलिभिजन/रेडियो/पत्रिका/म्यागाजिन | 27.4% |
| तेश्रो | काम गर्ने स्थान | 18.1% |
| चौथो | जापानी साथी/परिचित व्यक्ति | 16.9% |
| पांचौ | नगर, वार्ड, टोल, गाउँको काउन्टर | 14.9% |


## पेन्सन प्रणाली सम्बन्धि जानकारी लिने स्थान (उच्च 5 बुंदाहरु) (n=4,967)


| | | |
|---|---|---|
| पहिलो | काम गर्ने स्थान | 26.1% |
| दोश्रो | जापान पेन्सन सेवा पेन्सन कार्यालयबाट पठाइएको पत्र/कागज | 25.2% |
| तेश्रो | परिवार/आफन्त | 21.1% |
| चौथो | जापानी भाषाको टेलिभिजन/रेडियो/पत्रिका/म्यागाजिन | 20.2% |
| पांचौ | जापानी साथी/परिचित व्यक्ति | 17.6% |

## नर्सिङ्ग केयर बिमा प्रणाली संग सम्बन्धित अप्ठ्यारो कुरा




## एक्लोपनकोअवस्था (तपाईं आफुलाई कुन स्तरमा एक्लो महसुस गर्नुहुन्छ ?)







■ सार्वजनिक निकायले व्यवस्था गरेको बिदेशी लक्षित परामर्श काउन्टर तथा वेबपेज आदिको बारेमा "थाहा छैन" भनेर जवाफ दिएका व्यक्तिहरु करिब 80% भन्दा बढि छ तर, वास्तवमा प्रयोग गरेको व्यक्तिबाट सकारात्मक मुल्यांकन करिब 90% छ।


○ बिदेशी जीवन यापन सहयोग पोर्टल साइट ⇨ https://www.moj.go.jp/isa/support/portal/index.html ○ जीवन यापन/रोजगार गाइडबुक ⇨ https://www.moj.go.jp/isa/guidebook_all.html
○ बिदेशी बसोवास सहयोग केन्द्र (FRESC) ⇨ https://www.moj.go.jp/isa/support/fresc/fresc01.html ○ जोडिने फैलिने जापानीमा दैनिकी गर्ने ⇨ https://tsunagarujp.bunka.go.jp/

## बिदेशी जीवन यापन सहयोग पोर्टल साइट

### चेतना स्तर





### प्रयोग गरेर राम्रो कुरा





## बिदेशी बसोवास सहयोग केन्द्र (FRESC)

### चेतना स्तर





### प्रयोग गरेर राम्रो कुरा





## जोडिने फैलिने जापानीमा दैनिकी गर्ने (चुनाहिरो)

### चेतना स्तर





### प्रयोग गरेर जापानी भाषा सिक्यो त ?





## जीवन यापन/रोजगार गाइडबुक

### चेतना स्तर





### प्रयोग गरेर राम्रो कुरा





## स्थानीय सरकारले स्थापना गरेको केन्द्रीय परामर्श काउन्टर


### चेतना स्तर





### प्रयोग गरेर राम्रो कुरा





## जापान पेन्सन सेवा पेन्सन कार्यालयमा बहुभाषिक परामर्श




## विदेशीहरु संगको सह-अस्तित्व समाज साकार पार्ने रोडम्याप




## विदेशी मानव संसाधनलाई स्वीकार र सहअस्तित्वका लागि व्यापक उपायहरू



■ यस सर्वेक्षणमा "बिदेशी व्यक्तिहरुले जापानमा राम्रो जीवन यापन बिताउनको लागि कस्तो सहयोग तथा उपाय र प्रणाली आवश्यक छ" भन्ने बारेमा "भाषा", "काम", "जानकारी उपलब्ध" आदि बुंदाहरुबाट छनौट गरेर (एकभन्दा बढि छनौट सम्भव) स्वतन्त्र लेखनमा जवाफ दिने प्रश्न राखियो | क्षेत्र अनुसारको धारणा/चाहना निम्न अनुसार छन् | (निम्न लिखित हरेक क्षेत्रहरुको साइडमा उल्लेख गरिएको संख्या मेल खाने बुंदा छानेको संख्या हो | स्वतन्त्र लेखनको बिषयको बारेमा "खासै छैन" "अनुरोध गर्दछु" आदि बाहेकको 3,620 वटाबाट केहि अंश छुट्याईएको छ | आधारभूत रुपमा मुल वाक्य नै उल्लेख गरिएको छ तर, स्पष्ट रुपमा अक्षरमा त्रुटी, छुट आदिको बारेमा सच्याइएको पनि हुन सक्छ | साथै, जापानी भाषा बाहेकको भाषामा जवाफ आएमा जापानी भाषामा अनुवाद गरिएको छ)

## भाषाको बारेमा (2,783 वटा)

○ जापानी भाषा सहयोगको बारेमा

- सबैभन्दा महत्वपूर्ण कुरा विदेशीले पछिल्लो भाषा कक्षा (ध्यान दिएर पढ्ने कुरा मात्र नभई, बैज्ञानिक प्रभावकारिताको प्रमाणित गर्ने शिक्षा पद्दति) सहज रुपमा सर्वशुलभ खर्चमा प्रयोग गर्न सक्ने बनाउनु हो | जापानी भाषा अत्यन्त गाह्रो भाषा भई, भाषा बिना जापानमा बानी पर्ने कुरा असम्भव छ | साथै, कलिलो बच्चा भएकी आमाले त्यस्तो भाषा कक्षामा सहभागी हुन सक्ने बनाउनुहोस ! (40 बर्ष उमेर समुहकी महिला)
- हाल म बसिरहेको क्षेत्रको जापानी भाषा कक्षामा व्याकरण पाठ्यपुस्तकको रुपमा प्राथमिक विद्यालयको जापानी भाषाको शैक्षिक सामाग्री प्रयोग गरिएको छ तर गृहिणीको दैनिक जीवन यापनमा उपयोगी हुने खालका बिषय पनि आवश्यक छ | जस्तै, खाना तथा दैनिक उपभोगका सामानसंग सम्बन्धि शब्द आदि हुन | (40 बर्ष उमेर समुहकी महिला)
- क्षेत्रको बोल्ने तरिका अझै सिकाउने स्थान भएपनि हुन्छ जस्तो लाग्छ | क्षेत्रमा जाँदा शब्दको अर्थ बुझिंदैन (50 बर्ष उमेर समुहको पुरुष)

○ बहुभाषा सेवाको बारेमा

- अस्पताल वा स्थानीय सरकारी कार्यालयमा बहुभाषिक अनुवादको आवश्यक छ | (20 बर्ष उमेर समुहको पुरुष)
- हरेक क्षेत्रमा भाषा अनुवादक उपलब्ध गराउने | (40 बर्ष उमेर समुहकी महिला)
- स्टेशन, नगरपालिका कार्यालयको गाइड नक्सा विभिन्न देशको भाषामा बनाई टाँसेमा राम्रो हुन्थ्यो | जापानी भाषाको तल अंग्रेजीमा लेखिएको धैरै छ तर, सबैले अंग्रेजी पढ्न सक्ने नभएकोले अन्य भाषा पनि गाइड नक्सा तथा चिन्हमा लेख्दा राम्रो हुन्छ जस्तो लाग्छ | (20 बर्ष उमेर समुहकी महिला)
- सरकारी कार्यालयको कागजातको काम जापानी भाषा बाहेकमा पनि गराउनु हुन चाहन्छु | बहुभाषामा सेवा दिने कर्मचारी बिशेष गरी नर्स र अस्पतालमा बढाउनु हुन चाहन्छु | (धेरै चिकित्सक पहिले नै अंग्रेजी बोल्न सक्नु हुन्छ) सार्वजनिक जानकारी प्रवाह बहुसंख्याको भाषामा होस भन्ने चाहन्छु (50 बर्ष उमेर समुहकी महिला)

○ सजीलो जापानी भाषाको बारेमा

- बिदेशीको लागि जापानी भाषा कक्षा र जापानीको लागि "सजीलो जापानी भाषा" कक्षा क्षेत्रमा नि:शुल्कमा अझ बढि उपलब्ध गराउने कुरा | (30 बर्ष उमेर समुहको पुरुष)

आदि

## जातीय भेदभाव / अवसरको समानता / व्यक्तिगत सम्मानको बारेमा (2,588 वटा)

- म जापानमा जन्मेर हुर्केको व्यक्ति हुँ तर, प्राथमिक बिद्यालयमा दुर्व्यवहारको अनुभव गरेको छु | मेरो चिनजानको पाकिस्तानी अधिकांशले दुर्व्यवहारको अनुभव गरेका छन् | जापानमा कपालको स्टाइल, कपडा आदिको नियम कडा भएकोले हेर्दा सबै उस्तै देखिन्छ | त्यसकारण बिदेशी रहेको कारण अन्य मानिससंग फरक भएको कारणले मात्र दुर्व्यवहार भोग्न सजिलो हुन्छ | जापानमा अझै बिबिधताको विकास नभएकोले अझै धेरै जातिका मानिसहरु बाँच्न सहज हुने गरि परिवर्तन नगरी नहुने कुरा धेरै छन् | म इस्लाम धर्म मान्छु | पार्ट-टाइम कामको लागि निवेदन दिने बेलामा बुर्खा लगाउन चाहन्छु भन्दा बुर्खा नलगाउने भए मात्र नियुक्ति गर्न सकिने भन्छन् | "यहाँ जापान भएकोले ....." भनिएकोले अचम्ममा परें | बढि भन्दा बढि बिदेशीको धर्म तथा संस्कृति बुझाउन सकिने कार्यक्रम आयोजना तथा शिक्षा दिन अनुरोध गर्दछु | (20 बर्ष उमेर समुहकी महिला)
- आजकल, जापानमा बिगतको तुलनामा बिदेशीको लागि सहज बातावरण बनिरहेको छ | तर, करार सम्बन्धि प्रक्रियामा धैरै गाह्रो छ | बिशेष गरी विदेशीले "व्यक्तिगत ग्यारेन्टर" बस्न मिल्दैन | नखोजी हुँदैन तर, बिदेशमा बस्ने परिवार पनि उपयोगी हुँदैन | जसको प्रतिफल, सजिलोसंग रोजगार नपाउने, मन परेको कोठामा बस्न नपाएको अनुभव पनि छ | जीवन यापनको कोणबाट भेदभाव भयो भन्दा पनि केहि जापानीहरु डराईरहेका छन् | केहि जापानीहरु कसरि बिदेशिसंग नजिक हुने भन्ने थाहा नहुँदा जापानी भाषा बाहेकको शब्द सुन्दा प्रतिरोधको भावना महसुस गर्छन | त्यसैले, आदान प्रदानको कार्यक्रम आयोजना गरेमा एक आपसलाई बुझी सम्मान गर्ने हुँदा सहि तरिका हो जस्तो लाग्छ | (30 बर्ष उमेर समुहकी महिला)
- भेदभाव बिनाको सहयोगका कार्यक्रम बच्चा बेलादेखिनै आवश्यक छ जस्तो लाग्छ | (50 बर्ष उमेर समुहकी महिला)
- बिदेशीहरु सवै एकै खालका हुँदैनन् | एकै देशबाट आएपनि हामी सबै फरक मानिस हौं | एकै किसिमले व्यवहार गरिनु अप्रिय हुन्छ | (30 बर्ष उमेर समुहकी महिला)
- जापानमा अन्य बिकसित राष्ट्रहरुको तुलनामा बिबिधताको बारेमा बुझ्ने र सम्मान गर्ने बानी न्युन रहेको पक्ष भए जस्तो लाग्छ | बिस्तृतमा भन्ने हो भने बिदेशीलाई निषेध गर्ने नीति भएको केहि इन्टरनेट बैंक, क्रेडिट कार्ड कम्पनी, घरबेटी रहेको जीवन यापनको क्रममा अनुभव गरेको छु | साथै, हाल बसिरहेको मान्सनमा पनि म बस्न सुरु गर्नासाथ जापानी भाषा बोल्न नजान्ने बिदेशी बासिन्दाले सामाजिक गतिविधिमा सहभागी हुन नपाउने" भेदभावपूर्ण नियम बनाई सार्बजनिक गरेको थियो | म सहरको केन्द्र भागको औसत मूल्य भन्दा महँगो मान्सनमा बसिरहेको छु, तरपनि जापानी समाजमा भेदभावको सोंचाईले जरा गाडेको महसुस भएको छ | अन्तमा, जापानमा बस्दै गर्दा सबैभन्दा अन्यायपूर्ण लागेको कुरा कोरोनाकोअवधिमा विदेशीलाई भिसाको आधारमा जापान प्रवेशमा रोका लागईएको अवधि थियो र वरिपरिको मानिसले बिवाह गर्न नपाएका, जापान प्रवेश गर्न छोडेको मानिस पनि थिए | जापान प्रवेशमा कुनै पनि रोक नभएका जापानीहरुको तुलनामा पूर्ण रुपमा भेदभावपूर्ण नीति हो भन्ने लाग्यो | (30 बर्ष उमेर सहुहकी महिला)

आदि

ISA

## कामको बारेमा (2,806 वटा)

○ रोजगारी सहयोगको बारेमा

- बिदेशी विद्यार्थीको लागि रोजगार सहयोग अझै सुधार गर्न अनुरोध गर्दछु | (20 बर्ष उमेर समुहको पुरुष)
- कामको परिचय र भिसा प्राप्त गर्नको लागि सहयोग बढाउन अनुरोध गर्दछु | धेरै भन्दा धेरै जानकारी उपलब्ध र व्यक्तिगत रुपमा मार्गदर्शन चाहन्छु | (20 बर्ष उमेर समुहको पुरुष)
- जापानी भाषामा राम्रो बिदेशी तथा (मातृभाषा बाहेक) एक भन्दा बढि अर्को भाषा भएको विदेशीको लागि स्थिरता भएको काम पाउनको लागि जानकारी बृद्धि गर्न अनुरोध गर्दछु | विदेशीहरुमा भाषा क्षमता खेर गइरहेको व्यक्ति धेरै छ | (40 बर्ष उमेर समुहकी महिला)

○ कामदारको सहयोगको बारेमा

- हाल साना तथा मझौला उद्योगमा रोजगार गरिरहेका बिदेशीहरुलाई त्यति धेरै सहयोग नभएको जस्तो लाग्छ | सहयोग निकायले साना तथा मझौला उद्योगका बिदेशी कामदारहरुको वास्तविक अवस्थाको पहिचान गरी सकृय रुपमा सहयोग गर्नुहुन अनुरोध गर्दछु | साना तथा मझौला उद्योगका बिदेशी कामदारहरुलाई अप्ठ्यारोमा पार्ने भाषाको समस्या, मानव सम्बन्धको समस्या, जापानी समाजका जीवन यापन गर्नको लागि सामाजिक नियम आदि सिक्नको लागि समय र स्थानको व्यवस्था भएमा जापानी समाजमा घुलमिल हुन सजीलो हुन्थ्यो जस्तो लाग्छ | (50 बर्ष उमेर समुहको पुरुष)
- जापानी जस्तै जीवन यापन, चालचलन, अनुशासन, सोंचाई सिकेर रमाइलो जिन्दगीका साथ बाँच्नको लागि बिद्यालयमा मात्र नभई कार्यस्थल आदिमा पनि कुनै न कुनै रुपमा अनिवार्य रुपमा कक्षा लिने कर्तब्य लागु गर्नु अनुरोध गर्दछु | त्यसो गरेमा बिदेशीहरुले जापानको कुरा राम्रोसंग बुझी जापानको मायाँ झन गहिरो भई रमाइलो जीवन यापन गर्न सक्छ जस्तो लाग्छ | (20 बर्ष उमेर समुहकी महिला)

○ योग्यताको बारेमा

- विभिन्न देशमा प्राप्त गरेका काम सम्बन्धि योग्यताहरु जापानी समाजमा पनि स्वीकार गर्ने गरी योग्यता प्रमाणीकरणको प्रणाली भएमा अझै छिटो स्थीर काममा लागि जापानी समाजमा परिचित हुन सजीलो हुन्छ | (50 बर्ष उमेर सहुमको पुरुष)

आदि

## जानकारी उपलब्ध गर्ने बारेमा (1,899 वटा)

○ जानकारीको बिषयको बारेमा

- प्रकोप तथा बाला हेरचाह आदिको प्रणालीको बारेमा विस्तृतमा थाहा दिने सूचना पत्रिका तथा बिमामा प्रवेश र कर तथा पेन्सन आदिको बारेमा पनि जान्न चाहन्छु | (40 बर्ष उमेर समुहको पुरुष)
- बिदेशी लक्षित कामको जानकारी र बिदेशी बिद्यार्थी लक्षित छात्रवृत्तिको बारेमा खोज्न सजीलो हुने साइट आवश्यक छ जस्तो लाग्छ | (20 बर्ष उमेर समुहको पुरुष)
- फोहोर फाल्ने दिन जस्तै छिमेकी बासिन्दाको नियमावली सम्बन्धि थोरै भएपनि जानकारी आवश्यक छ | यो समस्याको बारेमा सुनिने कुरा धेरै भएकोले (40 बर्ष उमेर समुहकी महिला)
- अटिजम र ADHD (ध्यानमा कमी/बढि चल्ने रोग) को बारेमा सजीलो संग जानकारी प्राप्त हुने बनाउन अनुरोध गर्दछु | (30 बर्ष उमेर समुहकी महिला)

○ जानकारी प्रवाह गर्ने तरिकाको बारेमा

- भाषा बिद्यालय तथा बिदेशी नियुक्ति गर्ने कम्पनी/संस्थाले विभिन्न जानकारी सकृय रुपमा उपलब्ध गराउन अनुरोध गर्दछु | विदेशीले नीति तथा प्रणाली बुझ्न नसकेमा प्रश्न गर्न पनि नसक्ने भएकोले | (20 बर्ष उमेर समुहकी महिला)
- पहिलो पटक जापानमा आएर के गर्नु पर्ने हो थाहा नहुने भएकोले परामर्श काउन्टर नजिकमा भएपनि कस्तो परामर्श गर्दा हुने हो भन्ने थाहा नभएका धेरै छन् | यस प्रश्नावलीमा उल्लेख गरिएको अप्ठ्याराहरु जस्ता कुराहरु टेम्प्लेट बनाउन मिल्ने चिजहरु ह्याण्डबुक जस्तो कुरा जापान प्रवेश गर्नु अघि नै वितरण गर्ने पनि सम्भव छ जस्तो लाग्छ | (30 बर्ष उमेर समुहको पुरुष)
- सामाजिक संजालको प्रयोग गरी जापानमा बस्ने विदेशीहरुको लागि अझ धेरै जानकारी उपलब्ध गर्न अनुरोध गर्दछु | (60 बर्ष उमेर समूहकी महिला)
- जापान प्रवेश गरेको केहि महिनासम्म उपयुक्त अभिमुखीकरण नभएमा प्रकृयाको बारेमा बुझाई अघि बढ्दैन जस्तो लाग्छ | (20 बर्ष उमेर समुहको पुरुष)

आदि

## भिसाको बारेमा (2,079 वटा)

○ पर्मानेन्ट रेसिडेन्ट अनुमतिको बारेमा

- बिदेशीको लागि पर्मानेन्ट रेसिडेन्ट भिसाको निवेदन प्रणाली सहज गर्ने कुरा | (30 बर्ष उमेर समुहकी महिला)

○ आफन्तहरूको बसाइको बारेमा

- जापानमा काम गर्ने बिदेशीको आमा, बच्चाको हेरचाह गरेर सहयोग गर्ने मानिस नभएकोले आफन्त भेटघाट भिसाको म्याद लम्ब्याउन मिल्ने बनाउन अनुरोध गर्दछु | (40 बर्ष उमेर समुहकी महिला)

○ भिसा सम्बन्धि प्रकृयाको बारेमा

- भिसाको निवेदनको लागि लाग्ने समय अत्याधिक लामो | (60 बर्ष उमेर समुहकी महिला)
- भिसाका शर्तहरु तथा प्रणाली बिगतको तुलनामा सहज भएको अनुभव हुन्छ तर, निवेदनको लागि बिबिध तरिकाबाट सहयोग गर्दा राम्रो हुन्छ जस्तो लाग्छ | (40 बर्ष उमेर समुहकी महिला)

आदि

## शिक्षाको बारेमा (1,665 वटा)

○ शिक्षाको विषयबस्तुको बारेमा
- विदेशीका बालबालिकाहरु बिद्यालयमा कमजोर स्थितिमा छन् | कक्षा शिक्षकले सकेसम्म बिदेशी बालबालिकाहरुलाई सतर्क भएर हेर्नुहुना अनुरोध गर्दछु | बिशेष गरी प्राथमिक र निम्न माद्यामिक बिद्यालयमा | (50 बर्ष उमेर समुहका पुरुष)
- बिदेशीहरु जापानी समाजमा भिज्नु पनि महत्वपूर्ण छ तर, जापानीले विदेशीलाई जान्न इच्छा राख्ने शैक्षिक प्रणाली पनि आवश्यक छ जस्तो लाग्छ | (20 बर्ष उमेर समुहकी महिला)

○ बिद्यालय आदिको प्रकृया आदिको बारेमा
- नगर, वार्ड, टोल, गाउँका बिद्यालयमा गर्नु पर्ने बालबालिकाको लागि निवेदन प्रक्रियामा असुविधा महसुस हुन्छ | (50 बर्ष उमेर समुहको पुरुष)
- बालगृह, किन्डरगार्डेन, विद्यालयको निवेदन गर्ने तरिका तथा नियम जान्न चाहन्छु | देश अनुसार संस्कृति फरक हुने भएकोले मेरो लागि साधारण कुरा पनि जापानमा गर्न नहुने कुरा छ तर, अहिले बच्चा भएकोले शिक्षाको कुरा धेरै चिन्ता लाग्छ | (30 बर्ष उमेर समुहकी महिला)
- राष्ट्रको शैक्षिक बिधि, अभिभावक, बिद्यालायासंगको सम्बन्ध (PTA आदि) आदिको फरक बुझ्न सजीलो बनाउदा राम्रो | (30 बर्ष उमेर समुहकी महिला)
- बिदेशी बालबालिकाको शिक्षाको बारेमा उपयुक्त सल्लाह दिन सक्ने काउन्टर अझै तयार नभएको जस्तो लाग्छ | (40 बर्ष उमेर समुहकी महिला)

आदि

## आवासको बारेमा (1,685 वटा)

- झुठो बोलेको जस्तो हुन सक्छ, जापानमा जीवन यापन गरिरहेको बेलामा अप्ठ्यारोमा परेको तथा चिन्ता लागेको कुरा लगभग छैन | सायद दयालु मानिसहरुको बिचमा भएर हो कि | तर, घर भाडामा लिने बेलामा सांच्चै नै घाटामा बसेको जस्तो लागेको थियो | व्यक्तिगत ग्यारेण्टरको बारेमा बिदेशी भएको कारणले अनावश्यक माग गरिने आदि बिबिध कठिनाई भोगियो | त्यसैले विदेशीले आवास भाडामा लिने बेलामा NPO तथा सरकारी निकाय लगायत कोहि न कोहि बिचको भूमिकामा बसिदिने प्रणाली बनाएमा खुसि हुने थिएँ | (50 बर्ष उमेर समुहकी महिला)
- सर्बप्रथम त, जापानमा घर खोज्ने तथा बैंक खाताको निवेदन दिनमै धेरै गाह्रो भई, आफ्नो देशमा हुँदा पैसा दिएर समाधान हुने कुरा पनि जापानमा भने टेलिफोन नम्बर तथा बैंक खाता नभएमा भाडामा लिन नसकिने, पहिले बैंक खाता खोल्न चाहे पनि ठेगाना नभएमा नसकिने, गैर-आवासीय भएकोले अनुशन्धानको समय २ महिना लाग्ने, अन्तमा सबै प्रकृया गर्न नसकिने भई कठिन अवस्था जापान आएका बिदेशीहरु जसले पनि अनुभव गरेको छ भन्ने लाग्ने भएकोले सुधार गर्नुहुन अनुरोध गर्दछु | (30 बर्ष उमेर समुहकी महिला)
- मैले अहिलेसम्म सबैभन्दा दु:ख गरेको चाहिँ कोठा खोज्नेमा हो | जापानमा सिकिकिन, रेइकिन र ग्यारेन्टर कम्पनीको खर्च पनि लाग्ने भएकोले बिदेशीको लागि बानी पर्न गाह्रो हुने कुरा धेरै थियो र वास्तवमै खोज्दै जाँदा पनि विदेशीलाई नदिने कोठाहरु धेरै भई धेरै अप्ठ्यारोमा परेको थिएँ | बिदेशीको आवास खोज्नको लागि चेतना कक्षा तथा सहयोग आदि भएमा जापान बस्नको लागि सजीलो हुने थियो भनेर व्यक्तिगत रुपमा धेरै पटक सोंचेको छु | (20 बर्ष उमेर समुहकी महिला)

आदि

## अन्तरक्रियाको बारेमा (1,425 वटा)

○ जापानी र बिदेशीको अन्तरक्रियाको बारेमा
- टोल समिति तथा समाजमा बिदेशी बहुभाषिक अन्तरक्रियात्मक परामर्श समिति बनाउनुहुन अनुरोध गर्दछु | हरेक देशको सांस्कृतिक कार्यक्रमको आयोजना गरी, जापानीहरुलाई बिदेशी संस्कृति तथाचालचलनको अवस्थाको आदि पनि आपसमा बुझेर सम्मान गर्नु हुन अनुरोध गर्दछु | (30 बर्ष उमेर समुहकी महिला)
- टोल समिति या छिमेकको घर वरिपरीका मानिसहरुसंग घुलमिल हुने स्थान बढि होस भन्ने चाहन्छु | (70 बर्ष उमेर समुहकी महिला)
- यस प्रकारको सर्वेक्षण जापानी नागरिकमा पनि गर्नु हुन अनुरोध गर्दछु | हाम्रो धारणाले मात्र परिवर्तन नहुने पक्ष छन् | त्यसैले, जापानीहरुले सह-अस्तित्वको समाजको बारेमा के सोंचिरहेका छन् भन्ने कुरा बुझेर त्यसपछि हरेक इलाकामा मेल खाने संस्कृति थाहा पाउने कार्यक्रम तथा कक्षा संचालन गर्नु हुन अनुरोध गर्दछु | मा बसिरहेको इलाकामा यस प्रकारको सर्वेक्षण गरिएको छैन | त्यसैले हामी बिदेशी मात्र नभई जापानीको धारणापनि लिई अहिले भन्दा अझ बस्न सजीलो समाज भएमा खुसि हुने थिएँ | (20 बर्ष उमेर समुहकी महिला)
- बृद्द जापानी तथा इलाकाको जापानी वासिन्दालाई बिदेशीहरुसंग एक गराउने / अन्तरक्रिया गराउने मेला, इलाकाको कार्यक्रम, शौक/कला सम्बन्धि कार्यक्रमहरु जस्ता राष्ट्र वा क्षेत्रीय समाजद्वारा आयोजित कार्यक्रम | जस्तै, "अन्तरराष्ट्रिय दिवस", वा "विश्वमा जापान दिवस" जस्ता उत्सवको दिन बनाउने | (30 बर्ष उमेर समुहकी महिला)

○ एकै देशका नागरिक बिचको अन्तरक्रियाको बारेमा
- हाल, बाला हेरचाह ठूलो समस्या भएको छ | बच्चाहरु जापानमा जन्मिएर जापानकै संस्कृति र भाषा प्राप्त गरी अघि बढिरहेको छ | विभिन्न समस्याले बारम्बार देश फर्कन नसक्ने हुनाले जापानमा बस्ने बालबालिकाहरु जम्मा गरेर बिबिध कार्यक्रममा सहभागी हुन सक्ने, भेटघाट तथा अन्तरक्रिया धेरै गर्न सकिने जस्ता प्रणाली भएमा राम्रो हुन्छ जस्तो लाग्छ | (20 बर्ष उमेर समुहकी महिला)
- एकै प्रान्त, नगर तथा इलाकामा बस्ने तैवानिहरु बीच चिनजान गर्ने माध्याम भएमा खुसि हुने थिएँ | नजिकमा एकै देशका परिचित व्यक्ति तथा साथी भएमा बिदेशीको लागि पनि बोलाउन र सान्त्वना दिन सजीलो हुन्छ | जीवन यापनको क्षेत्र फरक पर्ने र हरेक दिन अफिस-घर बिचको ओहोर दोहोर गरेर मात्र त्यहि इलाकामा ताइवानीहरु बस्चन कि बस्दैनन् थाहा पौने तरिका छैन | संगठन तथा जमघट भई चिनजान गर्न पाएमा सांच्चै नै खुसि हुन्थें | ठूलो सहरमा बसाइ नभएकोले ताइवानीसंग भेट्ने मौका धेरै कम छ | (20 बर्ष उमेर समुहकी महिला)

आदि

## परामर्शको बारेमा (1,346 वटा)

- जापान आएको करिब १० बर्ष भई हालसम्म विभिन्न समस्याहरु आए तर, कुनै न कुनै रुपमा पार गरें | आजकल बिदेशी लक्षित कानुनी परामर्श कम भएको महसुस गरेको छु | (30 बर्ष उमेर समुहको पुरुष)
- मानसिक समस्याको बारेमा बिस्वास गरेर सहज रुपमा परामर्श गर्न सकिने स्थानको व्यवस्था भएमा सहयोग हुने थियो | (40 बर्ष उमेर समुहकी महिला)
- सुझाबको अपेक्षा गर्दा कहाँ जाँदा राम्रो हुने हो थाहा भएमा अझै सजीलो हुने थियो | वेबसाइट साधारणतया जापानी भाषा बाट अंग्रेजी भाषामा अनुवाद गरिएको छ तर बुझ्न सजीलो छ भन्न सकिन्न | व्यक्ति व्यक्तिको केस फरक पर्ने हुनाले कहीं निश्चित स्थानमा कसैसंग परामर्श लिन सकेमा आभारी हुने थियौं | (50 बर्ष उमेर समुहकी महिला)
- SNS तथा 24 सै घण्टा स्वचालित परामर्श माध्यम आदि सजीलो संग परामर्श गर्न सकिने सेवा भएमा राम्रो हुन्छ जस्तो लाग्छ | (30 बर्ष उमेर समुहको पुरुष)
- रोजगार/तलब सुबिधा सम्बन्धि परामर्श तथा पर्मनिन्ट भिसा / पासपोर्ट परिवर्तनको जानकारी सम्बन्धि परामर्शको अवसर बढाईदिनु हुन अनुरोध गर्दछु | जापानीहरुसंग गतिबिधि गर्न सकिने स्थान तथा जापानको जीवन यापन, अस्पतालको चेकजाँच, बृद्दहरुको हेरचाह सम्बन्धि परामर्श गर्ने स्थान अझै बढाउनु हुन अनुरोध गर्दछु | जापानी सरहको जीवन यापन गरी जानकारीहरु आदान प्रदान गर्ने कुराको अपेक्षा गर्दछु | (30 बर्ष उमेर समुहकी महिला)

आदि

## चिकित्साको बारेमा (1,704 वटा)

- बिरामी / घाउचोट आदि भएमा भर पर्ने व्यक्ति नभएकोले चिन्ता लाग्छ | (30 बर्ष उमेर समुहकि महिला)
- बिश्वसनियताको कमि तथा जापानको चिकित्सा प्रणाली नबुझ्दा उपयुक्त उपचार लिन नसक्ने बिदेशीको कुरा धेरै सुनिएकोले | (50 बर्ष उमेर समुहकी महिला)
- स्वास्थ्य संस्थाको सुरुको जाँचमा आवश्यक पर्ने प्रश्नावलीको लेख्ने तरिका बुझिंदैन | (40 बर्ष उमेर समुहकी महिला)
- बिरामी परेको बेलामा जापानी भाषामा लक्षण बताउन धेरै गाह्रो हुन्छ | अस्पतालमा बिदेशी भाषा बुझ्ने चिकित्सक भएमा राम्रो हुन्थ्यो | (30 बर्ष उमेर समुहको पुरुष)

आदि

## करको बारेमा (1,846 वटा)

- अन्तिम कर फिर्ताको प्रकृयाको बारेमा जानकारी उपलब्ध गर्नु आवश्यक छ जस्तो लाग्छ | (20 बर्ष उमेर समुहकी महिला)
- बर्षान्तको समायोजन र अन्तिम कर फिर्ताको लागि प्रयोग हुने कर तिर्ने फारम अंग्रेजीमा पनि व्यवस्था भएमा सहयोग हुने थियो | (50 बर्ष उमेर समुहको पुरुष)

आदि

## पेन्सनको बारेमा (1,673 वटा)

○ जानकारीको बारेमा

- जापानमा आउने विदेशीलाई नियम र नैतिकता बाहेक पनि समाज कल्याणको बनावट तथा प्रणाली (नागरिक पेन्सन/राष्ट्रिय पेन्सन आदि) सिकाउनु पर्छ जस्तो लाग्छ | मा आफु नर्स पढिरहेकोले बल्ल विभिन्न कुरा बुझ्ने भएको छु तर, कहिँ नबुझ्ने अवस्थामा बसिरहेका व्यक्तिहरु धेरै छ जस्तो लाग्छ | केवल काउन्टर मात्र बढाउने नभई यी व्यक्तिहरुको सशक्तिकरण आवश्यक छ | (20 बर्ष उमेर समुहकी महिला)
- जापानीसंगको संगत कम भएकोले जीवन यापनमा उपयोगी जानकारी कम थाहा हुन्छ | चिकित्सा पेन्सन करको बारेमा अध्ययन गर्न सकिने स्थान थाहा छैन | सबै कुरा राष्ट्रको भरमा भएको महसुस हुन्छ | (40 बर्ष उमेर समुहकी महिला)
- कर, पेन्सन, बिल आदि जापानमा धेरै महत्वपूर्ण कुराहरु कागजमा र जापानी भाषामा मात्र प्रकृया गरिन्छ | जापानी भाषा मातृभाषा नभएका व्यक्तिको लागि त्यस्ता कुरामा आफुलाई ढाल्न गाह्रो हुन्छ | किनभने, कागजमा भाषा अनुवादको मेसिन प्रयोग गर्न गाह्रो भई, गल्ति हुने खतरा हुन्छ | त्यस्तो प्रणाली अन्लाइनमा बनाई बिदेशी भाषाको अनुवाद राख्ने वा कागजातहरु बिदेशी भाषामा पनि पोष्ट गर्ने गरेमा विदेशीलाई धेरै नै सजीलो हुन्थ्यो | जापानी भाषाको कागजात तथा जापानको जीवन यापन बुझ्नको लागि हामीले GaijinPot आदिको वेबसाइट लामो समय हेर्नु पर्छ | उदाहरणको लागि पेन्सन बुक हो | अति महत्वपूर्ण कागजातको रुपमा रहेको पेन्सन बुकमा असजिलो जापानी भाषा प्रयोग गरी प्रविधिको सहयोग लिएर भाषा अनुवाद गर्न गाह्रो शबदहरु लेखिएको छ | पेन्सन बुक जारि गर्ने बेलामा बुकको अर्थ, पढ्ने तरिका, प्रयोग गर्ने तरिका, हराएको बेलामा गर्ने उपाए आदि बिदेशी भाषामा ब्याख्या गरिएको खोल पनि संगै बितरण गर्दा कस्तो होला | जापानी भाषा राम्रो नभएका व्यक्तिहरुले बुकमा उक्त खोल लगाएमा बुक हेरेपिच्छे उक्त कुरा सन्दर्भको रुपमा लिन सक्छन | (20 बर्ष उमेर समुहको पुरुष)

○ प्रणालीको बारेमा

- तलबको बारेमा बिदेशी र जापानीको बिचमा धेरै ठूलो फरक भएकोले सरकारलाई विचार गर्न अनुरोध गर्दछु | त्यसपछि, पेन्सनको भुक्तानीको बारेमा करार सकेर देश फर्कंदा पनि भुक्तानी गरेको पेन्सन सबै नपाउने व्यक्तिको लागि प्रणालीमा बिचार गर्नु पर्ने कुरा छ | (उदाहरणको लागि 9 बर्ष पेन्सन तिरेर देश फर्केको खण्डमा 5 बर्षको भाग भन्दा बढि पाइंदैन) | जापानमा विदेशीले अझै सुरक्षित भएर अध्ययन गरेर जीवन यापन गर्दै काम गर्ने बनाउनको लागि उनीहरुको गाउँजस्तै सबैले अझै बढि समाजमा योगदान गर्न सक्ने गरी राष्ट्रको निकाय तथा सरकारको सहयोगमा चासो लिने अपेक्षा गरिन्छ | (30 बर्ष उमेर समुहको पुरुष)

आदि

## राजनैतिक सहभागिताको बारेमा (799 वटा)

- जापानमा निश्चित समय (जस्तै, बसेको 20 बर्ष) भन्दा बढि बसेको बिदेशिलाई मतदान गर्ने अधिकार दिने कुरा | (30 बर्ष उमेर समुहको पुरुष)
- भाषाको सहयोग, जानकारी उपलब्ध, परामर्श आदि मार्फत विदेशीले भाषागत पर्खाल पार गरी झनै राम्रोसंग जापानी समाजमा घुलमिल हुन सक्छ | भेदभाव अन्त गरी विदेशीले जापानमै रोजगार गरी जीवन यापन गर्न सक्ने गरी समान अवसर दिन अनुरोध गर्दछु | यस्तो नीतिको निर्माणमा बिदेशीहरुकै आवाजको आवश्यकता भएकोले विदेशीले राजनीतिमा सहभागी हुनु अनिवार्य छ | (20 बर्ष उमेर समुहकी महिला)

आदि

## बिमाको बारेमा (1,379 वटा)

- म सन् 2006 मा पहिलो पटक जापान एको बेलामा अंग्रेजी भाषामा सहयोग अत्यन्तै कम भएकोले बाँच्न गाह्रो भयो | अहिले चाहिँ परिवर्तन भयो जस्तो लाग्छ | तर, अझै पनि पेन्सन प्रणाली, सम्पत्ति हस्तान्तरण, कर, बिमा आदिको बारेमा बुझ्न गाह्रो भई अझै पनि राम्रो संग नबुझ्ने कुरा छन् | (40 बर्ष उमेर समुहकी महिला)
- बिमा तथा पेन्सन आदिको प्रणाली राम्रोसंग बुझ्दैन | व्यक्ति अनुसार बाध्यताले देश नफर्की नहुने पनि हुन्छ | तर, देश फर्कने बेलामा के गर्दा हुने हो आदि जीवन यापन संग सम्बन्धित कुराको बारेमा इन्टरनेटमा पनि सम्पर्क गर्न सकिने चाहन्छु | अहिले चाहिँ लगभग टेलिफोन वा काउन्टरमा प्रत्यक्ष नगई हुँदैन | (30 बर्ष उमेर समुहको पुरुष)
- सिटी कार्यालय तथा सुबिधाको कम शुल्कको जापानी भाषा कक्षाको बारेमा थाहा छ तर, काम गरिरहेको व्यक्तिको लागि समय प्रतिकुल भई ठाउँ पनि प्रयोग गर्न अप्ठ्यारो बढि छ | खान्जी पढ्न नसक्ने भएकोले जीवन बिमामा सहभागी हुन तथा बुझ्न गाह्रो हुन्छ | (40 बर्ष उमेर समुहको पुरुष)

आदि

## बैंक खाता / क्रेडिट कार्ड / वित्तको बारेमा (1,489 वटा)

○ सेवा लिन नसकिने बारेमा

- जापान आएको ६ महिना सम्म जापानको टेलिफोन नम्बर तथा बैंक खाता आदिको सेवा लिन नपाउने कुराले अत्यन्त असहज लाग्छ | अझै राम्रो हुने गरी कोशिश गर्नुहोस् | (20 बर्ष उमेर समुहको पुरुष)
- कागजातमा पर्मानेन्ट रेसिडेन्ट भई उच्च औसत आम्दानीका साथ काम गरिरहेको व्यक्तिको रुपमा मैले ऋण पाउनु पर्ने हो तर, घर जग्गामा ३ करोड येन लगानी गर्न चाहेको बेलामा पनि बैंकले मलाई जापानमा बस्ने हो कि होइन थाहा छैन भनेर अस्वीकृत गरियो | दिर्घकालिन रुपमा बसोवास गर्न चाहने बिदेशीको लागि बैंक ठूलो समस्या हो | (40 बर्ष उमेर समुहको पुरुष)
- जुन राष्ट्रमा पनि बिदेशीको लागि महत्वपूर्ण भनेको भाषा सिकाई हो भन्ने लाग्छ | भाषा बुझेर मानिसहरुसंग राम्रोसंग कुराकानी गर्न सकिन्छ र जीवन यापन पनि राम्रो बनाउन सकिन्छ | जापान अन्य राष्ट्र भन्दा धेरै समाबेसी राष्ट्रको रुपमा भई बिदेशीको लागि जहिले पनि जीवन यापन गर्न सजीलो महसुस हुन्छ तर, आवास, काम, बैंक खाता, क्रेडिट कार्ड आदि जीवन यापन सम्बन्धि दृष्टिकोणबाट अविस्वास, भिसाको कारण बिदेशीको लागि विभिन्न सिमितता धेरै छ जस्तो लाग्छ | (20 बर्ष उमेर समुहकी महिला)

○ सेवा लिने बेलाको अप्ठ्याराको बारेमा

- जापानमा बस्नको लागि आवश्यक प्रकृया (आवासीय दर्ता, खाता खोल्ने, लाइसेन्सको निवेदन आदि) गर्ने बेलामा नाम थर लेख्न नसकेर हरेक पटक दु:ख गर्नु पर्छ | जापानको नाम थर "थर" र "नाम" मा बिभाजन भई अक्षर संख्या छोटो हुने बिशेषता छ | तर, म सहित बिदेशमा थर नभएको, "बिचको नाम" भएको आदि नामथर जापानको जस्तै नामथरको ढांचामा हुन्छ भन्ने छैन | हरेक कार्यालय, निजी कम्पनी अनुसार पनि "थर" नभएको "नाम लामो भएर स्पेस राख्न नभ्याउने, नदेखाउने" मेरो लागि सेवा विभिन्न भई हरेक कागजातको नामथर फरक हुने गर्छ | जापानीको हरेक कार्यालयमा नामथर फरक हुने, खाता आदि राहदानीसंग मेल नखाने कुरा हुँदैन होला | सम्बन्धित व्यक्तिको निधो गर्ने कोणबाट पनि विदेशीको लागि पनि लागु हुने गरी नामथर दर्ता गर्न सक्ने बनाउनु हुन अनुरोध छ | (30 बर्ष उमेर समुहको पुरुष)

आदि

## प्रकोपको बारेमा (893 वटा)

- जीवन यापनको लागि आवश्यक पर्ने ज्ञान र भाषा क्षमतामा अन्य व्यक्ति (बिशेष गरी जापानी) संग एक आपसमा बुझ्ने अवसर र भाषागत क्षमता अनिवार्य हुन्छ | त्यसका साथै, जापानमा तुलनात्मक रुपमा प्राकृतिक प्रकोप धेरै हुने भएकोले बिमा र प्रकोप बारेको ज्ञान पनि महत्वपूर्ण हुन्छ | (20 बर्ष उमेर समुहको पुरुष)
- प्रकोपको जानकारी प्रशारण इन्टरनेट एप्लिकेशन "Yahoo प्रकोप रोकथाम ब्रेकिङ्ग न्युज आदि" संघ मिलेर जानकारी राम्रो संग बुझाउने गरी सुधार गर्न अनुरोध गर्दछु | अवश्य नै स्थानीय सरकार अनुसार सेवा दिने तरिका सेवा दिने तरिका फरक पर्छ तर, राष्ट्रबाट भन्दा अझै लागु गर्न सजीलो हुन्छ जस्तो लाग्छ | (20 बर्ष उमेर समुहकी महिला)
- प्रकोप बढि हुने देश भएकोले उपाय तथा तयारी आदि (सिक्न चाहन्छु) | (50 उमेर समुहकि महिला)
- जापानमा २ बर्ष बसेको मेरो धारणा, जापान सरकारको व्यवस्थापन राम्रो गरिएको छ भन्ने कुरा हो | उदाहरणको लागि, ठूलो प्रकोपको बेलामा ध्यान दिन लगाइन्छ | जापानीको लागि सबैले दयालु गर्छन | साथै, कार्यस्थलमा पनि कुनै समस्या बिना सबैजना सहयोगको आदान प्रदान गरिरहेको छ | (20 बर्ष उमेर समुहकी महिला)

आदि

## बाल हेरचाहको बारेमा (1,418 वटा)

○ बिद्यालय आदि सम्बन्धि जानकारी उपलब्धको बारेमा

- बालबालिकाको बिद्यालय भर्ना पूर्णतया गडबडी अवस्थामा रही नजिकको अनुभवी चिनजानको व्यक्तिसंग परामर्श गर्नु बाहेक छैन | 2 बर्षको बच्चा, किन्डरगार्डेन बिचको कक्षा, प्राथमिक बिद्यालय 5 कक्षा, निम्न माद्यामिक बिद्यालय दोश्रो बर्ष, माद्यामिक बिद्यालय दोश्रो बर्षको बच्चा भएको अभिभावकलाई जापानको किन्डरगार्डेन भर्ना, प्राबि/निमाबी भर्ना अगाडि सम्बन्धित प्रकृया तथा आवश्यक तयारीको बारेमा चिनियाँ भाषामा अग्रिम रुपमा जानकारी कार्यक्रमा आयोजना गर्न अनुरोध गर्दछु | (40 बर्ष उमेर समुहकी महिला)
- बिदेशी आमाले बिद्यालयमा बालबालिकालाई के भइरहेको छ भन्ने कुरा त्यति धेरै थाहा नपाउने, नबुझ्ने जस्ता कमजोर अवस्थामा छन् | अवश्य रुपमा अभिभावकले बाल हेरचाहमा स्वतन्त्र महसुस नगरेमा बिदेशीहरु जापानमा बस्न नचाहने कारण बन्न जान्छ | (40 बर्ष उमेर समुहको पुरुष)

○ बाल हेरचाह सम्बन्धि अप्ठ्यारा कुराको बारेमा

- अझै बाल हेरचाह गर्न सहज हुने गरी जन्माउनको लागि तथा बिद्यालयमा पढ्नको लागि लाग्ने पैसा सस्तो गर्न अनुरोध गर्दछु | (30 बर्ष उमेर समुहकी महिला)
- कहिले काहिँ हेरिदिने हजुरबा/हजुरआमा नभएकोले विदेशीले जापानमा बाल हेरचाह गर्न गाह्रो छ त्यसैले, बिदेशीको लागि किन्डरगार्डेन/बालगृहमा फारम भर्ने अवसर अझ बढि विचार गरिदिनुहुन अनुरोध गर्दछु | (30 बर्ष उमेर समुहकी महिला)

आदि

## मृत्यु (चिहान सुरक्षित आदि) को बारेमा (736 वटा)

- दिर्घकालिन रुपमा जापानमा बस्ने बिदेशीहरु आफ्नो देशमा नाफर्केमा जापानमै मृत्युवरण गरेको अवस्थामा जापानको अन्त्येष्टि तथा चिहानको प्रणालीको बारेमा जानकारी कम भएको महसुस हुन्छ | (30 बर्ष उमेर समुहकी महिला)
- जापानमा बस्ने इस्लाम धर्मावलम्बी भएको नाताले इस्लाम धर्मको अन्तेष्टि सेवा आत्यवाश्यका छ | (50 बर्ष उमेर समुहको पुरुष)
- जापानमा लामो समय बसिरहेको छुपरिवारको सदस्य देहान्त भयो भने के गर्दा हुने हो थाहा छैन ! साथै, (त्यो बेलामा लाग्ने खर्च पनि) अति महँगो जस्तो लाग्छ | स्वागतको बेलामा चिन्ता नगरी भुक्तानी गर्न सकिने बिमा कम्पनी हुन पनि सक्छ थाहा छैन ! हामीहरु आफ्नो देशमा नभई, यहाँ जापानमा मानिसको मृत्यु भएमा धेरै फरक हुने कुरा थाहा छ | यस बारेमा अझ धेरै जानकारी चाहन्छु ! यहाँ लामो समय बस्ने बिचार छ तर, उक्त चिन्ता लाग्छ | बिशेष गरी अहिले जापानमा अप्ठ्यारो परिस्थिति भएकोले पैसा बचत गर्न लगभग सकिंदैन | मृत्यु हुँदा पनि पैसा चाहिने भएमा त्यस बेला कहाँ सहयोग माग्दा राम्रो होला ? हामी बिदेशीको लागि उक्त कुरा सबैभन्दा ठूलो चिन्ताको बिषय हो ! (40 बर्ष उमेर समुहको पुरुष)

आदि

## अन्य (489 वटा)

○ एक्लोपनको बारेमा

- बिदेशीहरु जापानमा बस्दा उही देशको मानिसहरु कम हुने भएकोले चालचलनमा फरकपना महसुस गर्ने, एक्लोपना महसुस गर्ने कुरा धेरै हुन्छ | विदेशीलाई अप्ठ्यारो पर्दा सहयोग गर्ने ठाउँ भएमा हुन्थ्यो जस्तो लाग्छ | (10 बर्ष उमेर समुहकी महिला)
- कुरा गर्ने पार्टनर चाहन्छु (60 बर्ष उमेर समुहकी महिला)
- जापानमा बसेको १३ बर्ष भयो | जापानको संस्कृति, बस्न सहजता, सुरक्षा, जापानी खाना धेरै मन पर्छ | जापानी भाषा पनि बिना समस्या जापानीसंग कुरा गर्न सक्छु | भन्न चाहेको कुरा भन्न सक्छु, खासै अप्ठ्यारो परेको छैन | वरिपरी सबैजना दयालु मानिस हुनुहुन्छ | त्यति हुँदा पनि एक्लोपन महसुस हुने गर्छ | जापानीहरु जति नजिक भएपनि साँचो अर्थमा स्वीकार नगर्ने हुनाले हो | "उनी बिदेशी हुन्" भन्ने अर्थको सोंचाई गहिरो रुपमा रहेको जस्तो लाग्छ | अर्थात, "बाहिरको मानिस भएकोले जापानीलाई 100% बुझ्न सकिंदैन" भन्ने महसुस हुन्छ | भावनात्मक रुपमा भनेको पनि हुन सक्छ, यो सोंचाई यताको दिमागमा जरा गाडेको हुनाले जापानको बारेमा जहिलेसम्म पनि बिदेशीको लागि बस्न अप्ठयारो देश हुन्छ | जापान आप्रवासन राष्ट्रको रुपमा सबैभन्दा नारोज्दा हुने राष्ट्रको रुपमा चिनिएको कुरा यथार्थ हो | जापानलाई भित्रदेखि नै मायाँ नगर्ने भए जापानमा लामो समय बस्न सकिंदैन | (40 बर्ष उमेर समुहकी महिला)

○ धर्मको बारेमा

- इस्लाम धर्मावलम्बिहरुले सुंगुरको मासुबाट बनेको खाना खाने या प्रयोग गर्ने गर्न नहुने भएकोले खानेकुरा, स्याम्पु, साबुन आदिमा सुंगुरजन्य पदार्थ मिसिएको भएमा त्यसको प्याकेटमा स्पष्टसंग लेखिदिएमा सजीलो हुन्छ | उदाहरणको लागि, पाउरोटीको बटर तथा मार्गरिन, स्याम्पु तथा साबुनको ग्लिसरिन, कस्मेटिक सामान (स्किनकेयर) को कोरागेन आदि हुन् | सुँगुरजन्य पदार्थ मिसिएको कुरा थाहा पाएमा सजिलैसंग छोड्न सकिने हुनाले धेरै सहज हुन्छ | आजकल उत्पादकलाई नै टेलिफोन गरेन भने विभिन्न सामानमा रहेको बटर तथा मार्गरिन, ग्लिसरिन, कोरागेन आदि सुँगुरजन्य हो वा होइन भन्ने थाहा नहुने हुनाले धेरैजसो इस्लाम धर्मावलम्बीहरु जापानमा केहि (खानेकुरा, पिउने कुरा, स्याम्पु, साबुन, स्किनकेयर आदि) किन्ने बेलामा किन्न हुने हो कि होइन भनेर जहिले पनि चिन्ता महसुस गर्छन | इस्लाम धर्मावलम्बीहरुले ढुक्क भएर विभिन्न सामानहरु किन्न सक्ने गरी सुँगुरजन्य पदार्थ मिसिएको भएमा स्पष्ट रुपमा प्याकेटमा लेखिदिएमा धेरै मानिसहरुलाई सांच्चै नै उपयोगी हुने थियो | (30 बर्ष उमेर समुहकी महिला)

आदि